# माण्डवी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
जस्पुर,प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

मो: ९८५७८३६००६
Website: www.mandavimun.gov.np
E-mail{ info@mandavimun.gov.np
mandavimun2073@gmail.com

## जेहन्दार, विपन्न छात्रवृत्ति वितरण सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८२/०१/०२

ने.स.११४५ चौलागा २, मंगलबार

प्रस्तुत विषयमा माण्डवी गाउँपालिकाको आर्थिक वर्ष २०८१/८२ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत गाउँपालिका भित्र स्थायी बसोबास गर्ने जेहेन्दार तथा विपन्न विद्यार्थीलाई इन्जिनियर र डाक्टर पढ्न छात्रवृत्ति प्रदान गर्ने कार्यक्रम रहेकोले गाँउपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयहरुमा अध्ययन गरी माध्यामिक शिक्षा परीक्षा Secondary Education Examination (SEE) उत्तीर्ण भई विज्ञान विषयवाट कक्षा १२ उत्तीर्ण पश्चात विभिन्न प्राविधिक विश्वविद्यालय वा शिक्षालयहरुमा अध्ययनरत जेहेन्दार, आर्थिक रुपले विपन्न गाउँपालिका भित्रका सम्पूर्ण इच्छुक विद्यार्थीहरुलाई देहाय बमोजिमको आवश्यक कागजात सहित माण्डवी गाउँपालिका विपन्न डाक्टर इन्जिनियर अध्ययनमा छात्रवृत्ति २०७९ को अनुसूची १ बमोजिम सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र अर्थात मिति २०८२/०१/१६ गते कार्यालय समय भित्र छात्रवृत्ति माग सम्बन्धी निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**आवश्यक कागजात**

१. अनुसूची-१ बमोजिमको छात्रवृत्ति आवेदन फारम,

२. व्यक्तिगत निवेदन साथमा पासपोर्ट साइजको फोटो १ प्रति.

३. विद्यार्थीको नागरिकता वा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपी,

४. सम्बन्धित कक्षामा अध्ययन गर्दै गरेको विद्यार्थी परिचयपत्रको प्रतिलिपी,

५. अपाङ्गताको लागि आधिकारीक निकायबाट प्रदान गरिएको अपाङ्ग परिचयपत्रको प्रतिलिपी,

६. आमा बुवा वा दुवै नभएको भए सम्बन्धित वडाबाट आमा/वाबु वा दुवै नभएको भनि प्रमाणित गरिएको सक्कलै पत्र सिफारीस,

७. SEE उत्तिर्ण शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी,

८. +2 उत्तीर्ण शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि,

९. आर्थिक अवस्था कमजोर रहेको वडा कार्यालयको सिफारिस,

२०८२/०१/०२

..................

**भिमकान्त भण्डारी**

**प्रमुख प्रशासकीय अधिकृत**